# गुजरा नगरपालिका, रौतहट
# आ.व.२०८०/०८१
# आठौं नगरसभा
## नीति तथा कार्यक्रम (बजेट वक्तव्य)

गुजरा नगरपालिकाका नगर प्रमुख ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, नगर सभाका सदस्यज्यूहरु, सुरक्षाकर्मी मित्रहरु, संचारकर्मी, राष्ट्रसेवक कर्मचारी लगायतका उपस्थित सम्पूर्ण महानुभावहरु ।

१. संघीयताको सफल कार्यान्वयन र संक्रमणकालको अन्त्य संगै दीर्घकालीन सोच र लक्ष्यका साथ गुजरा नगरपालिकाको आगामी आर्थिक वर्ष २०८०/०८१ को नीती तथा कार्यक्रम यस गरिमामय नगर सभा समक्ष प्रस्तुत गर्न पाउँदा मलाई गौरव महसुस भएको छ ।

२. संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र स्थानीय स्वशासनको लागि नेपाली जनताले गर्दै आएको ऐतिहासिक जन आन्दोलनहरुमा बलिदान गर्ने सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै यस अवसरमा विभिन्न आन्दोलनका क्रममा घाइते र वेपता नागरिकहरु प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

३. यस नगरपालिकाको विकास, सुधार र समृद्धिका लागि नेपालको संविधान तथा संघीय, प्रदेश र स्थानीय कानुनद्धारा प्रदत हक अधिकारको प्रचलन गर्न तथा कानुनतः निर्देशित काम, कर्तव्य र दायित्व निर्वाह गर्न हामी प्रतिवद्ध छौ ।सेवाग्राहीले सरल र सहज तरिकाले सेवा प्राप्त गर्ने हकलाई सुनिश्चित गर्न सूचना र प्रविधिको उच्चतम प्रयोग गर्न अनिवार्य छ । आन्तरिक सुशासन र सवल प्रशासनको विकासवाट हामीले अख्तियार गरेको नीती तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुने भएकोले यो नीती तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ ।जनतासंग प्रत्यक्ष सम्वन्ध र सम्पर्क रहने वडा कार्यालयहरुको क्षमता विकास, श्रोत साधनमा वृद्धि र प्रणालीको विकास गर्ने

नीती अवलम्बन गर्न प्रस्ताव गरिएको छ । शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशिलता, सामाजिक विकास, युवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, सार्वजनिक यातायात, खानेपानी तथा सरसफाई, विपद व्यवस्थापन, न्याय निरुपण, मानब अधिकार प्रबर्धन जस्ता बिषयगत क्षेत्रहरुका लागि विशेष नीती तथा कार्यक्रम प्रस्ताव गरेको छु । आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीती तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आम नगरबासी तथा सबै पेशा, व्यवसायमा आबद्ध महानुभावहरुको सहयोग, समन्वय र सहकार्य रहने कुरामा विश्वश्त रहेको छु ।

४. आर्थिक वर्ष २०८०/०८१ को वजेट तर्जुमा गर्दा नेपालको संविधान प्रदत स्थानीय तहको अधिकारहरु, नागरिकको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीती तथा दायित्व, पन्ध्रौं आवधिक योजना, मधेश प्रदेशको प्रथम आवधिक योजनाले अंगिकार गरेको उद्देश्य, लक्ष्य, नीती र कार्यक्रमहरु, प्रदेश सरकारको वार्षिक नीती तथा कार्यक्रमहरु, दिगो विकासका लक्ष्यहरु, पूर्व बजेट छलफलका क्रममा नगरसभा सदस्य ज्यूहरुले प्रदान गर्नु भएको रचनात्मक सुझावहरु विभिन्न विद्वान स्थानीय सरोकारवालाहरुवाट प्राप्त राय सुझाव एवम् स्थानीय सरकारवाट विगतमा भएका महत्वपूर्ण कार्यक्रमहरुलाई आगामी आर्थिक वर्षको वजेट तर्जुमाको प्रमुख मार्ग दर्शनको रुपमा लिएको छु ।

**<u>नगरसभा सदस्य ज्यूहरु,</u>**

**<u>आगामी आ.व. २०८०/०८१ को निती तथा कार्यक्रम पेश गर्नु भन्दा पहिला म चालु आ.व.को कार्यक्रमहरुको समिक्षा गर्न चाहन्छु ।</u>**

यस चालु आ.व.मा विकासका लक्ष्य निर्धारण सहित गत आ.व.को नगर सभाले स्विकृत गरेका नीती तथा कार्यक्रमहरु आर्थिक मन्दिवाट प्रभावित भए पनि समयमानै यस नगरपालिकाको नगरसभाले स्वीकृत गरेका भौतिक पूर्वाधारका योजना आयोजनाहरु समयमा नै सम्पन्न गरेका छन् । किसानहरुलाई कृषि शखावाट धानको विउ पचास प्रतिशत अनुदानमा वितरण, गर्भवति महिलाहरुलाई पोषण सामाग्री वितरण कार्य भएको साथै विकास निर्माणका केहि उदाहरणीय कार्य गरेको व्यहोरा यहाँहरुलाई जानकारी गराउन चाहन्छु । यी उदाहरणीय कार्यहरुमा नगर प्रशासकीय भवनको दुई तल्ला निर्माण समपन्न भई यसै भवनवाट प्रशासनीक सेवा दिईरहेको व्यहोर सवैमा सर्वविदितै छ । नगरपालिकाको प्रयासमा गुजरा न.पा. ०१ को मनहर्वा वजारमा सुविधा समपन्न मल्टिकम्पलेक्स(वजार भवन) निर्माण समपन्नको अन्तिम अवस्थामा रहेको व्यहोरा सवैमा जानकारी गराउन चाहन्छु त्यस्तै गुजरा न.पा. वडा नं. ७ को परसवा मनहर्वा वजारको विचमा निर्माणधिन दुई तल्ले नगर अस्पतालको दोस्रो तल्ला सम्म ढलानको कार्य भई सकेको तथा आगामी आर्थिक वर्षमा नगर अस्पताल सुविधा समपन्न रुपमा निर्माण भई संचालन हुने प्रतिवद्धता सहित समपूर्ण नगरसभा सदस्य समक्ष जानकारी गराउन चाहन्छु । गुजरा न.पा. वडा नं. १ देखि ९ सम्मका धैरै जसो टोल, गाउँ, वस्ती भित्रका सडक/वाटहरु कालोपत्रे, पक्कीकरण तथा पानी निकासको लागि नाला निर्माणको कार्य सम्पन्न भई सकेको छ । साथै यस नगरपालिकाको हरेक वडाको सार्वजनिक ठाउँमा हैण्ड पाईप जडान भई खानेपानीको आपूर्ति भईरहेको छ ।धार्मिक तथा पर्यटकीय क्षेत्र तर्फ, मन्दिर, मस्जिद, गुम्वा, चर्चहरुमा नगरपालिकाले

आवश्यक आर्थिक सहयोग गरिरहेको व्यहोरा अवगतनै छ । शिक्षा, स्वास्थ्य, महिला विकास, सहकारी, कृषि पशु सेवा शाखाहरु मार्फत आवश्यक वजेट विनियोजन भई खर्च भएको व्यहोरा अवगत गराउन चाहन्छु ।

नगरसभा सदस्य ज्यूहरु,

आगामी आर्थिक वर्षको बजेटको उद्देश्य देहाय बमोजिम रहेको छ ।

- कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गरि खाद्य सुरक्षाको सुनिश्चितता गर्ने ।
- संघ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य मार्फत विकासका लक्ष्यहरु हासिल गर्ने ।
- महिला, दलित, गरिब, अपाङ्ग, मधेशी, आदिवासी जनजाति, अल्पसङ्ख्यक र आर्थिक तथा सामाजिक रुपमा विपन्न खस आर्यहरुको मूल प्रवाहिकरण गर्ने ।
- सार्वजनिक, नीजि र सहकारी क्षेत्रको सहकार्य र साझेदारी मार्फत आर्थिक गतिविधिलाई गतिशील बनाउने ।
- दक्ष, सबल, सक्षम एवम् प्रविधिमैत्री जनशक्तिको विकास गर्ने ।

नगरसभा सदस्य ज्यूहरु,

बजेटका उद्देश्यहरु प्राप्त गर्न तपसिल बमोजिमको प्राथमिकता निर्धारण गरेको छु ।

- स्वास्थ्य संस्थाहरुको संस्थागत सुदृढीकरण,
- सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधारको अवस्था, शैक्षिक गुणस्तर, शैक्षिक सामग्री लागयत शैक्षिक वातावरण सुधार,
- कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गरि कृषिजन्य उत्पादनमा आधारित रोजगारी सृजना,
- प्राकृतिक तथा मानवीय क्रियाकलापवाट सिर्जना हुन सक्ने विपद्को समुचित व्यवस्थापन,
- सार्वजनिक सेवा प्रवाह र विकास प्रशासनलाई जनमुखी, गुणस्तरीय र प्रतिफलदायी बनाई प्राप्त उपलब्धिको न्यायोचित वितरण मार्फत सुशासन कायम गर्ने ।

नगरसभा सदस्य ज्यूहरु,

गुजरा नगरपालिकाको नीती तथा कार्यक्रममा प्राथमिकता प्राप्त क्षेत्रहरुसँग सम्वन्धित कार्यक्रम र बजेट विनियोजन प्रस्तुत गर्न चाहन्छु ।

आर्थिक वर्ष २०८०/०८१ का क्षेत्रगत प्रमुख नितीहरु

१. आर्थिक विकास तर्फ

१.क ) कृषि :- यस नगरपालिकाका अधिकांस मानिसहरु कृषिमा आधारित भएकोले कृषिमा आधुनिकीकरण र व्यवसायीकीकरण गरी कृषि उत्पादन बढाउनमा जोड दिईने छ । जसमा शुद्ध उन्नत जातको विउँ र समयानुसार पानीको व्यवस्था गरिनुका साथै सहज मल उपलव्ध गराउने देखि लिएर वजारको अधिकतम ग्यारेन्टीका लागि उचित व्यवस्था गरिने छ ।

उत्पादित वस्तुहरुको बजारीकरण र उचित मूल्यको लागि गुजरा नगरपालिकाको वडा नं. १ मा रहेको दुर्गा वजारको जग्गामा आधुनिक व्यवसायीक भवन निर्माणको कार्य सम्पन्न भएको छ ।

- ईच्छुक कृषकहरुलाई धान र गहुँको उन्नतजातको विउँ पचास प्रतिशत अनुदानमा उपलव्ध गराउने व्यवस्था मिलाईने छ ।
- एक घर एक करेसावारी कार्यक्रम अन्तर्गत तरकारीको उन्नत जातको विउँ वितरण गरिने व्यवस्था मिलाईने छ ।
- कृषि उत्पादन वढाउँन माटो परिक्षणको कार्यलाई प्रभावकारिता र निरन्तरता दिइने छ ।
- कृषि उत्पादन तथा वजारीकरणको निम्ती महत्वपूर्ण कृषि पाकेट क्षेत्र (चैते धान) केन्द्रित गरि कृषि सडक निर्माण कार्यलाई निरन्तरता दिईने छ ।यी सवै कार्यक्रमको लागि आवश्यक रकमको व्यवस्था गरेको छु ।

१.ख ) पशु पंक्षी तथा मत्स्य :- हाम्रो नगरपालिका चारकोषे झारी जंगलसित टाँसिएकोले र प्रचुर मात्रामा चरि चरण क्षेत्र रहेकोले उन्नत जातको गाई, भैंसी, बाख्रा

पालनमा जोड दिईने छ । विपन्न गरिव तथा सामाजिक रुपमा पछाडी परेका कृषकहरुको लागि स्वरोजगार मुलक विशेष पशुपंक्षी विकास कार्यक्रमलाई आगाडि वढाईनेछ ।

- परम्परागत राँगा, साँढेलाई विस्थापित गरि उन्नतजातकोवाट गर्भधारण (A.I.) गराउने व्यवस्थापन मिलाईने छ ।

- उत्पादित दुध खरिदको ग्यारेन्टी गर्न दुध चिस्यान केन्द्र स्थापना गरिने छ ।

- बाख्रा पालन तर्फ उन्नतजातको ब्याड बोर बोका विभिन्न बाख्रा पालन कृषक समुहमा पचास प्रतिशत अनुदानमा उपलव्ध गराईने छ ।

- व्यावसायीक रुपमा दुध उत्पादनको लागि पशुपालन गर्ने व्यवसायीलाई अनुदानको व्यवस्था मिलाईने छ ।

<u>मत्स्य विकास तिर</u>

- माछा उत्पादनमा जोड दिईने छ ।गत वर्ष देखि माछा ब्लक लागु भई सकेकोले माछा पालक कृषकहरुलाई माछाले खाने दाना, चुन, पिना इत्यादी र आवश्यक औजारहरु खरिदमा अनुदान उपलब्ध गराईनेछ ।

- व्यवसायीक माछापालनलाई बढावा दिईने नितिमा जोड दिईने छ ।

<u>अण्डामा आत्मनिर्भर :</u>

- अण्डा उत्पादनको लागि पालिने कुखुरा पालकहरुलाई नि:शुल्क चल्ला उपलव्ध गराईने छ ।

१.ग ) सहकारी : - सहकारी संस्थाहरुलाई साना बचत तथा ऋण परिचालन उधमशिलताको विकास, कृषि मलको विक्रि वितरण र आत्मनिर्भर समाजको लागि प्रोत्साहन गरिनुको साथै सहकारी संस्थाहरुको सघन अनुगमन गरिने छ ।

- सहकारीहरुलाई अनुगमन गर्न कोपोमिसको अनलाईन दर्ता गरिनेछ ।

- सहकारीको माध्यमवाट साना तथा घरेलु उधोग संचालन गर्न प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्ने निति लिइने छ ।

- सहकारी मार्फत सम्भाव्यताको आधारमा एक वडा एक उत्पादन मोडलमा जग्गा बाझो नहुने गरि सहकारी कृषि खेतिको प्रबर्धन गरिनेछ ।

- बैदेशिक रोजगारवाट फर्किएका यूवाहरुलाई उनीहरुको सिप ज्ञान तथा क्षमताको उपभोग हुनेगरि सहकारी खेति संचालन गरि नगरपालिकामा उत्पादन वृद्धिका लागि आवश्यक पूर्वाधार विकास, प्रविधि, कृषियन्त्र उपकरणमा प्रदेश सरकारको वितिय श्रोतमा सहकारी बैंक मार्फत स्वरोजगार कार्यक्रम संचालन गरिनेछ ।

- कृषि जमिनमा कृषकको पहुच विस्तार गर्न सहकारी मार्फत करार खेति कौशि खेति सामुहिक खेतिलाई विशेष प्रोत्साहन गरिनेछ ।

- सरकारी सेवामा प्रवेश गर्न चाहने युवा विद्यार्थीहरुलाई लक्षित गरि विभिन्न संस्थाहरुसंग समन्वय गरि लोक सेवा त्यारी कक्षा संचालन गरिने छ ।

१.घ ) पर्यटन तथा संस्कृति : - सिमराभवानीपुरमा रहेको शिव मन्दिर, कनकपुरमा रहेको गढीमाई मन्दिर, रामजानकी मन्दिर, जंगलसहियामा रहेको कंकाली मन्दिर, औरहिडिहमा रहेको सिध्देश्वर महादेव मन्दिर, जोगौलियामा रहेको राजदेवी मन्दिर, कटानीका टाँसी गुम्वा, सिमरीमा रहेको पिकनिक स्थल र चोचामा निर्माणाधिन अवस्थामा रहेको गुजरा फनपार्क जस्ता ऐतिहासिक तथा धार्मिक धरोहरहरुलाई आकर्षक तथा मनमोहक वनाई देशी, विदेशी पर्यटकहरुलाई आकर्षित गरिने छ ।

- गुजरा वडा नं. २ को चोचा र वडा नं. ३ को सिमरिमा होमस्टे निर्माण पुर्वाधार तयार गरिने छ ।

- पर्यटन विकासका लागि पिकनिक स्पट पार्क व्यवस्थापन, मठ मन्दिर, मस्जिद, गुम्वाहरु निर्माण गर्ने र पुरातात्विक वस्तुहरुको व्यवस्थापनमा सहयोग गरिने छ ।

- गुजरा न.पा. २ मा रहेको शिव शक्ति सामुदायीक वनको जग्गा ५-०-० मा कृत्रिम पोखरी तथा फन पार्क निर्माण तथा सौन्दर्यीकरण गरि पर्यटकिय स्थल वनाउँनमा जोड दिईने छ ।सो कार्यको लागि आवश्यक बजेटको विनियोजन गरिने छ ।

- मठ, मन्दिर, गुम्वा, चर्च र मस्जिदको नियमित संचालनमा जोड दिदै मठ, मन्दिर, गुम्वा, चर्च र मस्जिदमा आकर्षण वढाउन आधुनिक एवम् प्रविधि मैत्री वनाउन जोड दिईने छ ।

- दाह संस्कारलाई सुरक्षित र पवित्र राख्न स्मसान घाट/आर्यघाट निर्माणमा जोड दिईने छ ।

## २. सामाजिक विकास तर्फ :-

- शिक्षा स्वास्थ्य पोषण जस्ता आधारभूत सेवाहरुको कार्यक्रमलाई नगरपालिकाले अपनत्व लिने गरि प्रभावकारी रुपले कार्यक्रम संचालन गरिने छ ।

- शिक्षा स्वास्थ्य पोषण सरसफाई र सहभागिताको अवसर वृद्धि गरि मानव विकासको अवस्थामा सुधार गरिने छ ।

- मातृ शिशु, नवशिशु खोप पोषण र प्रजनन स्वास्थ्य सेवालाई निरन्तरता दिदैं आधारभुत तथा आकस्मिक सेवाका लागि औषधि आपूर्ति गरिने छ ।

- आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीय सेवाको मापदण्ड अनुसार प्रभावकारी रुपमा आम नागरिक र लक्षित वर्ग बालबालिका र आमाहरुलाई उपलब्ध गराईने छ ।

- स्वास्थ्य संस्था र समुदाय स्तरमा नियमित रुपले विशेष कार्यक्रम मार्फत कुपोषित बालबालिकाहरुको पहिचान र उपयुक्त व्यवस्थापन गरिने छ ।

- नेपाल सरकारबाट विभिन्न स्वास्थ्य ईकाइमा दिइदै आएको विभिन्न प्रकारका निःशुल्क औषधीमा नागरिकको पहुँच सुनिश्चित गरिने छ ।

- कुकुरको टोकाईवाट घाईते भएका विरामीहरुलाई रेबिज बिरुद्धको भ्याक्सिन निःशुल्क उपलव्ध गराईनेछ ।

- अति गरिव, विपन्न परिवारका नागरिक तथा गर्भवती महिलाहरुलाई स्वास्थ्य विमा कार्यक्रम नगरपालिकाद्वारा निःशुल्क संचालन गरिनेछ ।

- स्वास्थ्य क्षेत्रको व्यवस्थित तथा गुणस्तरीय विकासका लागि सार्वजनिक तथा निजी क्षेत्रको सहकार्यलाई प्रवद्धन गरिने छ ।

- गर्भवती महिला तथा बालबालिकाको कुपोषण न्यूनिकरण रोकथाम र नियन्त्रणका लागि चेतनामुलक कार्यक्रमहरु संचालन गरिने छ ।

- सरकारी तथा गैरसरकारी संस्थासंगको सहकार्यमा अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गरि उनीहरुको आर्थिक सामाजिक सशक्तिकरण र पुनरस्थापना गर्ने कार्यलाई

प्रभावकारी बनाईनेछ । साथै ज्येष्ठ नागरिकलाई सम्मानजनक ढंगले जिवनयापन गर्ने वातावरण सृजना गरिने छ ।

- पूर्ण खोप घोषणा हुन बाँकी रहेको वडामा यस आर्थिक वर्षमा पूर्ण खोप घोषणा र दिगोपनको व्यवस्था मिलाईने छ ।

-सवै बालबालिकालाई शिक्षामा पहुँच सुनिश्चित गर्न विद्यालय भर्ना अभियानलाई सफल बनाई विद्यालय जाने उमेरका सवै बालबालिकालाई विद्यालयमा भर्ना गरिने छ ।

<u>थप शिक्षा</u>

- यस नगरपालिका अन्तरगत संचालित विद्यालयहरुमा बसाई व्यवस्थापनमा रणनिति बनाईनेछ ।

- यस नगरपालिका अन्तरगत संचालित आधारभुत तथा माध्यमिक विद्यालयहरुलाई आई.सि.टि.तथा इन्टरनेट सेवामा पहुच अभिबृद्धि गराईनेछ ।

- यस नगरपालिकामा संचालित माध्यमिक तथा आधारभुत विद्यालयका कर्मचारीहरुलाई आधुनिकिकरण आधारमा गुणस्तरीय अभिवृद्धि तथा तालिमको व्यवस्था गरिनेछ ।

- यस नगरपालिका अन्तरगत संचालित विद्यालहरुको कर्मचारी वालविकासको तलव भत्ता न्युनतम पारिश्रमिकको सुनिश्चितता गरिनेछ ।

- यस नगरपालिकामा विद्यालय वाहिर रहेका सबै बालबालिकाहरुलाई विद्यालय तहमा पहुच पुर्याउन प्रोत्साहन गरिनेछ ।

- यस नगरपालिकामा रहेका विद्यालहरुको भौतिक निर्माण सम्वन्धमा स्थलगत निरिक्षण गरि व्यवस्थापनमा सुनिश्चितता गरिनेछ ।

- विद्यालयहरुमा बृक्षरोपन तथा हरित उद्यान निति अवल्मबन गरिनेछ ।

- नगरभित्रका विद्यालयहरुमा स्वच्छ खानेपानी तथा शौचालयको व्यवस्थापन गरिनेछ ।

- नगरभित्रका विद्यालयहरुमा नेपाल सरकार सामुदायिक विद्यालय रंग रोगन अवधारणा अनुरुप रंग रोगन कार्यको व्यवस्था मिलाईनेछ ।

- सामुदायिक विद्यालयको भौतिक निर्माण शैक्षिक गुणस्तर सुदृढीकरण निःशुल्क रुपमा पुस्तक वितरण र छात्रवृत्ति वितरण गरि सामुदायिक विद्यालयको पठनपाठनलाई प्रभावकारी बनाईने छ ।

- शैक्षिक कार्यतालिका अनुसार शिक्षकले नियमित रुपमा अध्यापन गरे नगरेको कुरामा नियमित अनुगमन गरि सो को पृष्ठपोषणको आधारमा शिक्षकलाई दण्ड तथा पुरस्कारको नीति लिईनेछ भने शैक्षिक गुणस्तर अभिबृद्धिका लागि हरेक विद्यालयमा नगरपालिकाले व्यवस्थापन समितिसंग र व्यवस्थापन समितिले प्रधानाध्यापकसंग कार्य सम्पादन करार अनिवार्य गरिने छ ।

- नगरभित्रका ग्रामिण क्षेत्रमा सामुदायिक विद्यालयका विद्यार्थिहरु टिफिन पछि खाजा खान भाग्ने प्रवृतिलाई रोक्नको लागि खाजा कार्यक्रमलाई निरन्तरता दिईने छ ।सो को लागि विद्यालयमानै खाजा वनाउने सामाग्री सहितको व्यवस्था गरेको छु ।

- सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई विद्यालय परिसर र कार्य अवधि भित्र राजनैतिक क्षेत्रवाट मुक्त गर्न छुट्टै आचारसंहिता तयार गरि लागु गरिने छ ।

- तोकिएको मापदण्ड अनुसार विद्यार्थी संख्या नरहेको, अनावश्यक शिक्षक दरबन्दी खेर गईरहेको विद्यालयलाई नजिकको विद्यालयमा गाभिने व्यवस्था यस आ.व.वाट गरिने छ ।

- बाल शिक्षालाई व्यवस्थित गरिने छ । बालबालिकालाई ३० मिनेट सम्म टाढा पर्ने ठाउँमा सम्वन्धित गाउँ टोलमै वाल विकास केन्द्र स्थापनामा जोड दिईने छ ।

- पूर्वाधार पुगेका र सुरक्षित रहेका विद्यालयहरुमा पंखाको व्यवस्था गरिने छ ।

- नगरपालिका भित्र संचालनमा रहेका सम्पूर्ण माध्यमिक र उच्च माध्यमिक सामुदायिक तथा संस्थागत विद्यालयमा अध्यनरत विद्यार्थीहरुको ब्लड ग्रुप छुट्टाउन तथा रक्तदाता सचेतना र रक्तदान कार्यक्रम संचालन गर्न सो क्षेत्रमा कार्यरत संस्थासंग सहकार्य गरि कार्यक्रम संचालन गरिने छ ।

- विद्यार्थीलाई सम्वन्धित शिक्षण संस्थावाट स्थानीय सरकारले तोकेको छात्रवृत्ति प्रदान गर्न गराउन छात्रवृति समिति गठन गरिने छ ।

- संस्थागत विद्यालयहरुको स्तर र श्रेणी निर्धारण गर्न अधिकार सम्पन्न समिति वनाईने छ । जसले सिफारिस गरेको आधारमा संस्थागत विद्यालयको वर्गीकरण गरिने छ ।
- शिक्षा क्षेत्रका लागि सेवा प्रवाहमा आधुनिक प्रविधिको प्रयोग बढाई शिक्षाको गुणस्तरमा सुधार गरिने छ ।
- स्थानीय भाषा साहित्य कला संस्कृति र भेषभुषाहरुको संरक्षण र प्रबर्धन गरिने छ ।
- सामाजिक कुरिति र विभेदहरुको अन्त्यको लागि जनचेतना वृद्धि गराउँदे सवै भाषा धर्म लिङ्ग र संस्कृतिका समुदायको मानिसहरुलाई मुल प्रवाहिकरण गरिने छ ।

<u>महिला विकास थप</u>

<u>लैङ्गिक समानता र महिला बालबालिका अपाङ्गता जेष्ठ नागरिक सुरक्षा तथा सशक्तिकरण निति सम्वन्धमा ।।।</u>

- लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीति यसै नगरसभावाट स्वीकृत गरि लागु गरिनेछ ।
- सवै प्रकारका हिंसामा परेका महिलाहरु विपन्न असहाय एकल महिलाको उपचार पुनर्स्थापना र विपतमा परेका महिला विपन्न महिलाको सुरक्षाको लागि महिला सुरक्षा कार्यक्रम र महिला तथा बालबालिका विशेष कोष संचालनमा रहेको र उक्त कोषवाट महिला सुरक्षा तथा उत्थान कार्यमा जोड दिईनेछ ।
- नेपालको संविधान, चालु पन्ध्रऔ योजना र निति तथा कार्यक्रमले लैङ्गिक विभेदको अन्त्य गर्दै पछाडी परेको वर्ग तथा समुदाय, दलित आदिवासी जनजाती, पिछडावर्ग अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक निकायमा समानुपातिक समावेसि सिधान्तको आधारमा सहभागी आर्थिक सम्वृद्धि दिगो विकासका लागि समान अग्रसरता र नेतृत्वदायी भुमिका स्थापित गर्दै श्रोत साधन अवसर लाभमा महिलाको समान पहुच स्थापित गर्न सक्ने लक्षित कार्यक्रम संचालन गर्ने निति लिईनेछ ।
- लैङ्गिक उतरदायी वजेट विनियोजन पद्धतिलाई संस्थागत गर्दै लगिनेछ ।

- मानव वेचविखन अन्त्य गर्न सचेतनात्मक उपचारात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

- लैङ्गिक हिंसा ( बोक्सी, छुवाछुत र अन्य कुप्रथाको ) नियन्त्रणको लागि लैङ्गिक हिंसा नियन्त्रण र हिंसाका घटना व्यवस्थापनका सामुदायिक संयन्त्रलाई सशंक्त रुपमा परिचालन गरि सामाजिक अभियानहरु संचालनमा ल्याईनेछ ।

- हिंसा पिडित, विपत पिडित महिलाको सुरक्षार्थ सेफ हाउसको व्यवस्था गरिनेछ ।

क) बालबालिका

गुजरा नगरपालिकाभित्र बालबिवाह अन्त्य गर्ने, श्रमिक बालबालिकाहरुको समुचित व्यवस्थापन गर्ने, सवै किसिमका बालश्रम अन्त्य गर्ने, बालबालिका माथि हुने सवै किसिमका हिंसा शोषण दुव्यहार अन्त्य गर्ने नगरक्षेत्रमा रहेका सडक बालबालिका, असहाय बालबालिकाको तथ्याङ्क संकलन गरि सडक बालबालिका मुक्त वनाउने जस्ता कार्य गरि गुजरा न.पा.लाई बालमैत्री नगरका रुपमा घोषणा गर्नका लागि सचेतना, सशक्तिकरण एवम् उपचारात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

- अनाथ बालबालिकाहरुलाई अभिभावकत्व ग्रहण गर्ने निति लिईनेछ ।

- यस नगरपालिकालाई कार्यक्षेत्र वनाई कामगर्ने गै.स.स.हरुको कार्यक्रमलाई अनुमोदन गरिनेछ।सिमान्तकृत समुदायहरुमा बाल संरक्षण र बाल कल्याण सुनिश्चितता परियोजनालाई निरन्तरता दिईनेछ ।

ख) अपाङ्ग

अपाङ्गता भएका व्यक्तिको आर्थिक तथा सामाजिक सशक्तिकरणका लागि नगरवाट अपाङ्गता लक्षित कार्यक्रमहरु तय गरि सवै प्रकारको अपाङ्गता भएको व्यक्तिको सहज जिवन यापन र व्यवसायीकताका लागि पुनर्स्थापना, स्वास्थय उपचार र सहायक सामाग्रीहरुको व्यवस्था गर्ने नीति लिईनेछ तथा हविल चेयरको व्यवस्था समेत गरिनेछ नगर क्षेत्रभित्रका भौतिक संरचना, यातायात सेवा, साधन श्रोत, सुचना तथा संचार प्रविधिलाई अपाङ्ग मैत्री वनाउने निति लिईनेछ ।

साथै अपाङ्गता भएका व्यक्तिहरुमा हुने सवै किसिमका हिंसा दुव्यवहार जस्ता कार्यहरुको अन्त्य गर्ने कार्यनिति लिईनेछ ।

ग) यूवा

नगरभरिका युवाहरुको विकासका लागि युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना सुरु गरिने छ ।

युवा उद्धमशिलता प्रबर्धन, यूवा कल्व गठन तथा नमुना युवा सासंद अभ्यास कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

घ) जेष्ठ नागरिक

६० वर्ष उमेर पुगेका सवै जेष्ठ नागरिकहरुलाई परिचयपत्र वितरण गरिनेछ ।

जेष्ठ नागरिकको ज्ञान सिप र अनुभवलाई नगरक्षेत्रको विकासमा प्रयोग गर्न वडा स्तरमा जेष्ठ नागरिक समुह र नगर स्तरीय संजाल गठन गरि जेष्ठ नागरिक लक्षित कार्यक्रमहरुलाई थप प्रभावकारी वनाईनेछ ।

- लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणलाई विकास योजनाको सवै चरणमा सहभागी गराईने छ ।
- बालबालिका र किशोर किशोरी उपर हुने सवै प्रकारका भेदभाव शोषण दुरव्यवहार र हिंसा अन्त्यको लागि विशेष कार्यक्रम संचालन गरिने छ ।
- बालविवाह नियन्त्रण गर्न जनचेतनामुलक कार्यक्रम संचालन गर्ने र बालविवाहमा संलग्न हुनेहरुलाई स्थानीय प्रशासनसंग समन्वय गरि कार्यवाही गरिने छ ।
- महिला माथि हुने सवै प्रकारका हिंसा अन्त्यका लागि लैङ्गिक हिंसा विरुद्धको वर्ष अभियानलाई सफल बनाईने छ ।
- सामाजिक विकासमा राष्ट्रिय अन्तराष्ट्रिय तथा स्थानीय गैर सरकारी संघसंस्थाहरु र निजी क्षेत्रको लगानीलाई परिचालन गरिने छ ।
- युवाहरुको लागि खेलकुद सिप तथा उद्धमशिलताको विकास र सामुदायिक विकासमा संलग्न गराई युवाहरुलाई क्रियाशिल र सृजनशिल बनाईने छ ।
- लागुपदार्थ दुव्यर्सन विरुद्ध विभिन्न संघ संस्थाहरुको सहभागितामा जनचेतना मुलक कार्यक्रम संचालन गरिने छ ।
- प्रत्येक वडाका टोलहरुमा टोल विकास संस्था गठन तथा सुदृढिकरण गरि सामुदायिक विकासमा परिचालन गरिने छ ।

- ऐतिहासिक धार्मिक तथा सांस्कृतिक मठ मन्दिर मस्जिद पार्कहरुको संरक्षण गर्दै नगर क्षेत्रमा पर्यटन पूर्वाधारको निर्माण एवम् विकास गरि आन्तरिक र बाहय पर्यटनको प्रबर्धनमा जोड दिईने छ ।

- प्रत्येक वडामा युवा क्लब गठन गरि सो क्लवको लागि भवन निर्माण गर्न सार्वजनिक जग्गा व्यवस्थापन गरिने छ ।

- नगर स्तरीय जिम क्लवको स्थापना गरिने छ ।

- साक्षर वडा घोषणाको लागि प्रत्येक घरमा कोहि निरक्षर नरहेको र विद्यालय जाने उमेरका कुनै बालबालिका बाँकी नरहेको घोषणा सम्बन्धी आवश्यक कार्यक्रम संचालन गरिने छ ।

<u>३. पूर्वाधार विकास तर्फ :-</u>

-निर्माणाधिन सडकहरु सम्पन्न गर्दै अन्य सडकहरुको स्तरोन्नती तथा मर्मत संभार गरिनेछ। ग्रामिण क्षेत्रका सडकहरुलाई शहरीक्षेत्रको सडकसंग जोडने कार्य गरिने छ।

- पुल पुलेसा निर्माणका लागि संघीय र प्रदेश सरकारसंग समन्वय गरिनेछ ।

- गत आ.व.मा संचालित नगरपालिकाको प्रशासनीक भवन निर्माणको कार्यलाई यसै आ.व.मा सम्पन्न गरिनेछ ।

- नगर अस्पताल भवन निर्माणको कार्यलाई यस आ.व.मा निरन्तरता दिईनेछ ।

- नगर गौरवका आयोजनाको रुपमा रहेको गुजरा फन पार्क निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

- बेरोजगार युवाहरुलाई लक्षितगरी स्वरोजगारमूलक प्राविधिक शिक्षालय अमिन जेटिए भेटनरी विजुली डकर्मी सकर्मी धारा मिस्त्री संचालन गर्न संघीय सरकार र CTEVT संग समन्वय गरिनेछ । त्यस्ता विषयका कक्षाहरु संचालन गर्न आवश्यक भौतिक पूर्वाधार तयार गरिनेछ ।

- गुजरा नगरपालिका वडा नं. २ मा निर्माणाधिन अवस्थामा रहेको भोकेस्नल स्कूल निर्माण सम्पन्न पश्चात CTEVT द्वारा संचालित सबै खालका शिपमूलक व्यावसायीक तालिमहरु संचालन गरिनेछ ।

- विक्रम सम्वत २०२१-२०२२ सालको सर्वेको आधारमा नापी गराई ऐलानी पर्ती जग्गाहरु मिचेर भोग चलन गरिरहेको र नियतबस व्यक्तिले आफ्नो नाममा समेत गराई सकेको जग्गाहरु पत्ता लगाउन विज्ञ सहितको सार्वजनिक तथा ऐलानी जग्गा खोजबिन समिति गठन गरी आवश्यक प्रक्रियावाट उक्त जग्गाहरु प्राप्त गरि सार्वजनिक कामको लागि उपयोग गरिदै लगिनेछ । यस न.पा.को साविकमा रहेका गा.वि.स.हरु सिमराभवानीपुरमा ९५-१-८, रंगपुरमा १२९-९-६, प्रतापपुर पल्टुवामा १४७-७-४ र कनकपुरमा २२५-११-१० गरि जम्मा ५८७ विगाहा ९ कठा ८ धुर सरकारी तथा सार्वजनिक जग्गा रहेकोमा यसै चालु आ.व.मा भूमीहिन दलित, भूमीहिन सुकुम्वासी तथा अव्यवस्थित वसोवासीहरुलाई नियमानुसार वितरण गर्न वडा नं. १ देखि नापी टोली खटी जग्गा छुट्टायाई नाँप जाँच र कित्ता काट सहितको नक्शा निर्माण भई रहेको व्यहोरा जानकारी गराउन चाहन्छु । यसै आ.व.मा भूमीहिन दलित, भूमीहिन सुकुम्वासी जग्गाधनी प्रमाणपत्र उपलब्ध गराईनेछ ।

- अति गरिव, विपन्न परिवारका घरमुलीहरुलाई नगरपालिकावाट निःशुल्क विजुली वती उपलब्ध गराईनेछ ।

४. वन वातावरण तथा विपद व्यवस्थापन तर्फ :-

- वृक्षारोपण तथा हरियाली प्रवर्धनमा जोड दिई यस कार्यमा स्थानीय संघ संस्थाहरुलाई परिचालन गर्दै ऐलानी पर्ती नदीको किनारका जमिन, सडक छेउ तथा व्यक्तिको निजी जग्गामा समेत वन लगाउने विशेष कार्यक्रम ल्याईने छ ।

- **GREEN** (हरियाली) गुजराको अवधारणालाई अगाडी बढाईनेछ ।

- विकास र विपद व्यवस्थापनलाई एकिकृत ढंगले संचालन गरी विपद जोखिम न्यूनिकरण गरिने छ ।

- विपद व्यवस्थापनका लागि स्थानीय प्रशासन लगायत विभिन्न निकायसंग समन्वय गरि उद्धार खोज तथा राहत कार्यलाई प्रभावकारी वनाउनका लागि आवश्यक व्यवस्था गरिने छ ।

- एक घर २ ( दुई ) विरुवा कार्यक्रमलाई अनिवार्य रुपमा लागु गरिने छ । यसका लागि वडा समितिका पदाधिकारी र टोल विकास संस्थालाई जिम्मेवारी वनाईने छ ।

घरजग्गाको निर्माण सम्पन्नता लिनु पुर्व यसको प्रभावकारी अनुगमन गरि मात्र निर्माण सम्पन्नता प्रमाण पत्र दिईनेछ ।

- न्यूनतम आवश्यक सामाग्रीको व्यवस्था सहित सम्पूर्ण वडामा विपद व्यवस्थापन समिति गठन गरि जिम्मेवार बनाईने छ ।

<u>५. सुशासन तथा संस्थागत विकास तर्फ :-</u>

- नेपालको संविधान वमोजिम स्थानीय तहको अधिकार सम्वन्धी व्यवस्था कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय सरकार विचको सहकारिता, सह अस्तित्व र समन्वयलाई प्रवर्धन गर्दै पारदर्शी र नेतृत्वको विकासका लागि स्थानीय शासन पद्धतिलाई व्यवस्थित गर्न स्थानीय तहमा विधायिकी कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गरिने छ।

- आम नागरिकहरुको प्रत्यक्ष सम्वन्ध रहेको संस्थानै स्थानीय तह हो । स्थानीय सरकारवाट प्रवाह गरिने सेवामा सरलता विकास निर्माणका कार्यमा गुणस्तरीयता एवम् परिणाममुखी बनाई स्थानीय शासन प्रक्रियालाई जनमुखी जवाफदेही पारदर्शी उतरदायी र सहभागितामूलक वनाउने कुरामा नगरपालिका सदैव प्रयत्नशिल रहने छ ।यसको लागि राष्ट्रसेवक कर्मचारीहरुलाई दिदै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिईनेछ ।

- आगामि आर्थिक वर्ष देखि नगरले स्वीकृत गरेका नीति तथा कार्यक्रमहरुको अर्धवार्षिक एवम् वार्षिक समिक्षा गरिने छ ।

- नगरकार्यपालिकाको कार्यालय तथा वडा कार्यालयमा सुचना प्रबिधिको प्रयोग, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, नागरिक वडापत्रको व्यवस्था गरि सार्वजनिक सेवालाई प्रभावकारी बनाईने छ ।

- बैंक र वडा कार्यालयसंग समन्वय गरि सम्वन्धित वडाको पायक पर्ने स्थानमा रहेको बैंकमा खाता खोलि सामाजिक सुरक्षा भत्ता समयमै उपलब्ध गराईने छ ।

- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राही तथा गुजरा नगरवासीको बैंकिङ्ग सेवामा सहज पहुँचको लागि नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त थप "घ" वर्गको बैंक स्थापना यसै आ.व. भित्र गरिनेछ ।

- जनप्रतिनिधि तथा कर्मचारीहरुलाई अध्ययन अवलोकन भ्रमण र तालिम उपलब्ध गराई कार्यक्षमताको विकास गरिने छ ।

- न्यायीक समितिलाई क्षमतावान र क्रियाशिल बनाई जनताहरुलाई छिटो छरितो तथा सर्वसुलभ रुपमा न्याय पाउने व्यवस्था मिलाईने छ ।

- प्रत्येक वडामा मेल मिलाप समिति गठन गरिनेछ मेल मिलाप समितिले समाधान गर्न नसकेका विवाद मात्र न्याययीक समितिले हेर्ने व्यवस्था मिलाईने छ ।

- जनतासंग जनप्रतिनिधि कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिने छ ।स्थानीय एफएम रेडियो मार्फत कार्यक्रमलाई हरेक वडामा संचालन गरिनेछ ।यस अभियान अन्तरगत हरेक महिनाको एकपटक जनता मेयर आमने सामने कार्यक्रम संचालन गरिने छ।

- वडा कार्यालयलाई तोकिएको जिम्मेवारी पुर गरे वा नगरेको विषयमा एकिन गर्न स्वतन्त्र सामाजिक लेखापरिक्षक तोकेर अनुगमन गराईने छ ।

- विकास निर्माणको कार्यलाई तोकिएको समयमा निर्धारित मापदण्ड र गुणस्तर वमोजिम सम्पन्न गर्न प्रभावकारी अनुगमन तथा मंल्याङ्कनको प्रबन्ध गरिने छ ।

थप रोजगारी सम्बन्धी नीती( प्रधामन्त्री रोजगार कार्यक्रम)

१. रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना तथा युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना सञ्चालन गरी श्रममूलक तथा रोजगारमूलक आयोजना अन्तर्गत सार्वजनिक पूर्वाधार विकास मार्फत समुदायको विकास र रोजगारीसँगै सामाजिक संरक्षणको प्रत्याभूति गरिनेछ ।

२. दक्ष तथा सक्षम जनशक्तिको विकास तथा आन्तरिक रोजगारीको प्रवर्धन गर्न सूचिकृत बेरोजगारहरुलाई आवश्यक सीपमुलक तथा रोजगारमूलक तालिम सञ्चालन गरिनेछ ।

३. संघ तथा प्रदेशको रोजगारमूलक कार्यहरुमा अपनत्व कायम गर्दै रोजगारीका थप क्षेत्रहरुको पहिचान तथा विस्तारमा आवश्यक सहयोग र समन्वय गरिनेछ ।

४. आन्तरिक रोजगारीका अवसरहरु सिर्जना गर्न निजी, सहकारी, गैरसरकारी तथा अन्य सरोकारवाला निकायहरुसंग समन्वय र सहकार्यमा जोड दिइनेछ ।

५. शैक्षिक बेरोजगारहरुलाई प्राथमिकतामा राखि स्वरोजगार मूलक कार्यमा संलग्न गराउन प्रोत्साहित गर्ने आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

६. श्रम सम्बन्धलाई प्राथमिकतामा राख्दै सार्वजनिक पूर्वाधार विकास निर्माण, कृषि तथा सहकारी, व्यापार व्यवसाय, लघु उद्यम, पर्यटन तथा वित्तीय क्षेत्रबाट थप रोजगारी सिर्जना गर्न आवश्यक नीति अंगिकार गरिनेछ ।

७. नगरपालिका स्तरीय योजनाहरुमा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरुलाई श्रमिकको रुपमा परिचालन गर्ने आवश्यक व्यवस्था गरिनेछ ।

८. युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनालाई शसक्त तथा प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

९. श्रमको सम्मान, राष्ट्रको अभियानमा पारिश्रमिक र सामाजिक संरक्षण सहितको श्रम व्यवस्थापनमा आवश्यक नीति अवलम्वन गरिनेछ ।

१०. कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनामा नगरपालिकाको साझेदारी संगसंगै अन्य सरोकारवालाहरुसंग साझेदारीका लागि आवश्यक पहल गरिनेछ ।

११. रोजगार सेवा केन्द्रको व्यवस्थापनलाई थप प्रभावकारी बनाउन आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१२. वैदेशिक रोजगारीबाट फर्केका तथा कोभिड-१९ का रोजगारी गुमाएका युवाहरुको उद्यमशीलता विकास गर्न आवश्यक सीप, क्षमता तथा बिउँ पूँजी उपलब्ध गराउन विभिन्न गैरसरकारी संघसंस्था तथा वित्तीय संस्थाहरुसंग आवश्यक समन्वय गरिनेछ ।

१३. गुजरा नगरपालिकामा उद्यमशिलताको विकास गर्न उद्यम विकास रणनीतिक योजना तयार गरि कार्यान्वयन गरिनेछ ।

६. राजश्व परिचालनका नीतिहरु तर्फ :-

- व्यवसाय करलाई समसामयिक र व्यवहारिक बनाई हाल सम्म दर्ता नभएका तथा दर्ता भएका तर नविकरण नभएका व्यवसायका लागि २०८० असोज भित्र दर्ता हुन आउनेलाई विगत ३ वर्षको व्यवसाय कर मात्र लिई जरिवानामा छुट गरिने छ ।

- करको दायरालाई फराकिलो बनाउन हरेक सेवाग्राहिलाई करको दायरा भित्र ल्याउन सरोकार पक्षसंग सम्वाद समन्वय गर्न तथा नगरको आन्तरीक राजश्वलाई वृद्धी गर्न राजश्व समन्वय तथा अनुगमन समिति गठन गरिने छ ।

## ७. अनुमानित व्यय र श्रोत व्यवस्थापन

नगरसभा सदस्यज्यूहरु,

७.१ अव म आगामी आ.व. ०८०/०८१ को अनुमानित कुल व्यय क्षेत्रगत व्यय र श्रोत व्यवस्थापनको वारेमा प्रस्तुत गर्न गईरहेको छु । आगमी आ.व. ०८०/०८१ मा रु.५६ करोड १४ लाख ३१ हजार ५ सय रुपैयाँ व्यय हुने अनुमान गरिएको छ जस मध्ये चालु तर्फ रु.३५ करोड ९३ लाख र पुँजिगत तर्फ रु.२० करोड २१ लाख ३१ हजार ५ सय रुपैयाँ खर्च हुने अनुमान गरेको छु ।

आ.व. २०८०/०८१ को अनुमानित वजेटको मापदण्ड निम्न अनुसार हुने छ ।

- कृषि तथा पशु सेवा तर्फ १० प्रतिशत
- शिक्षा तर्फ १५ प्रतिशत
- स्वास्थ्य तर्फ १० प्रतिशत
- महिला तथा बालबालिका ५ प्रतिशत
- दलित जनजाती ३ प्रतिशत
- धार्मिक संघ संस्था ५ प्रतिशत
- सरसफाई तथा शुद्ध खानेपानी १.५ प्रतिशत
- पर्यटन तर्फ २ प्रतिशत
- सामाजिक विकास १.५ प्रतिशत
- पूर्वाधार तर्फ ४७ प्रतिशत

७.२ आगामी आ.व.को अनुमान गरिएको खर्च व्यहोर्ने श्रोत मध्ये

संघीय सरकारको वित्तिय समानिकरण अनुदान रु.१२ करोड ८४ लाख, संघीय सरकारको सशर्त अनुदान पुँजीगत रु.२ करोड ३० लाख, संघीय सरकारको सशर्त अनुदान चालु रु.२१ करोड ७ लाख, संघीय सरकारको समपुरक अनुदान रु.१ करोड ७५ लाख, संघीय सरकारको विशेष अनुदान रु.९० लाख, संघीय सरकारको राजश्व बाँडफाँटवाट रु.१२ करोड २६ लाख १८ हजार प्राप्त हुने अनुमान गरेको छु ।

त्यसै गरी प्रदेश सरकारको वित्तीय सम्मानिकरण अनुदान रु.९५ लाख २६ हजार, प्रदेश सरकारको विशेष अनुदान रु.३० लाख, प्रदेश सरकारको समपूरक अनुदान रु.२० लाख, प्रदेश सरकारको राजश्व बाँडफाँट रु.५० लाख, मालपोत रजिष्ट्रेशन शुल्कवाट रु.७० लाख, लाल बकैया खोलाको राजश्व २ करोड र आन्तरिक आय तर्फ रु.३६ लाख ८७ हजार ५ सय गरी
कुल रु.५६ करोड १४ लाख ३१ हजार ५ सय रुपैयाँको स्रोत अनुमान पेश गरेको छु ।

अन्तमा

७.३ अन्तमा प्रस्तुत बजेट तर्जुमा गर्दा महत्वपूर्ण राय सुझाव दिनु हुने राजनीतिक दलका नेतागण, नागरिक समाजका अगुवाहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । त्यसैगरि नगर कार्यपालिका तथा नगरसभाका सदस्य साथीहरु, नगरपालिकाका सल्लाहकार, कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु । नगरपालिकाको आर्थिक सामाजिक विकासमा निरन्तर सहयोग पुर्याउनु हुने करदाता, नगरवासी, बुद्धिजीवी, संचारकर्मी, विकासका राष्ट्रिय तथा अन्तराष्ट्रिय साझेदारहरु र स्थानीय प्रशासन प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । साथै यो बजेट कार्यक्रम कार्यान्वयनमा सवै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेको छु ।

धन्यवाद ।।।

रत्न लामा
नगर उप प्रमुख

ईति सम्वत २०८० साल असार १० गते रोज १ मा शुभम् .......................